## २०८२/१०/२६ गतेको नगर कार्यपालिकाको ६५औं बैठकको एजेन्डाहरू

१. मिति २०८२/०९/२४ गते बसेको कार्यपालिकाको ६४औं बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. योजनाहरुको भुक्तानी अनुमोदन सम्बन्धमा ।
३. विभिन्न निकायहरुबाट प्राप्त परिपत्र सम्बन्धमा ।
४. सुरक्षा गार्डको म्याद थप सम्बन्धमा ।
५. पशु सेवा शाखा अन्तर्गतको सशर्त अनुदान कार्यक्रम सम्बन्धमा ।
  क. बंगुरपालन प्रवर्धन कार्यक्रम
  ख. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान
  ग. मासुको लागि पाडा प्रबर्द्धन कार्यक्रम
६. नगरपालिकाको एम्बुलेन्स तथा टिपर मर्मत सम्बन्धमा ।
७. योजनाहरुको म्याद थप सम्बन्धमा ।
८. "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।
९. Four Better Model Village कार्यक्रम सञ्चालन सहयोग सम्बन्धमा ।
१०. कृषि विकास शाखा अन्तर्गतको ५०% अनुदानमा संचालित कार्यक्रम सम्बन्धमा।
  क. व्यवसायिक कृषि तथा पशुपन्छि फार्म सुदृढिकरण सहयोग, वडा नं. ७
  ख. कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम, मण्डनदेउपुर १०
११. विभिन्न वडा, संघसंस्था तथा समुदायबाट आएका निवेदनहरु सम्बन्धमा ।
१२. विगत वर्षहरुमा अनुदान दिई सञ्चालन भएका योजनाहरुको अनुगमन सम्बन्धमा ।
१३. राष्ट्रिय रोजगार कार्यक्रमसँग साझेदारिमा पर्यटन विकास तथा श्रम/रोजगार सृजनाका लागि वडा स्तरिय सिढि निर्माण
१४. विभिन्न योजनाको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।
१५. विविध।

### निर्णयहरु

निर्णय नं.१

मिति २०८२/०९/२४ गते बसेको कार्यपालिकाको ६४औं बैठकको तपसिल बमोजिमको निर्णयहरु समिक्षा गरियो।

| निर्णय नं. | प्रमाणित निर्णय | कार्यन्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | अनुगमन समितिको प्रतिवेदन अनुगमन समितिको प्रतिवेदन अनुगमन समितिको प्रतिवेदन | कार्यन्वयन भइसकेको | |
| २ | हालसम्म कार्य सम्पन्न भएका योजनाहरुको भुक्तानी अनुमोदन तथा | कार्यन्वयन भइसकेको | |

| | | | |
|---|---|---|---|
| | सिफारिस | | |
| ३ | नगर सभाको १८औं अधिवेशन आवहान | कार्यन्वयन भइसकेको | |
| ५.१ | विभिन्न निकायहरुबाट प्राप्त परिपत्रहरु बारे छलफल गरि जानकारी अवगत | कार्यन्वयन भइसकेको | |
| ५.२ | नगरपालिकाभित्रका क्षति पुगेका मतदान केन्द्रहरु मर्मत गर्ने, सि.सि. टिभी क्यामेरा जडान गर्ने | कार्यन्वयनको चरणमा रहेको | |
| ५.३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बेरुजु असुलउपर सम्बन्धि | कार्यन्वयनको चरणमा रहेको | |
| ६ | "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र | कार्यन्वयन भइसकेको | |
| ७.१ | विधायन समितिबाट सिफारिस भई आएका विभिन्न कार्यविधि, मापदण्ड तथा निर्देशिका सर्वसम्मतीले पारित | कार्यन्वयन भइसकेको | |
| ७.२ | विधायन समितिबाट सिफारिस भई आएको मण्डनदेउपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२ स्वीकृत गरी नगर सभाको १८ औं अधिवेशनम पेश गर्ने | कार्यन्वयन भइसकेको | |
| ८ | सुन्तलाजात फलफुल बालीका नँया पकेट विकास कार्यक्रमका लागि छनौट गर्ने | कार्यन्वयन भइसकेको | |
| ९ | विभिन्न वडा, संघसंस्था तथा समुदायबाट माग भई आएका देहाय बमोजिमका योजनाहरुको लागि प्राविधिक लागत अनुमान बमोजमिको बजेट व्यवस्थापनका लागि नगर सभाको १८ औं अधिवेशनम पेश गर्ने | कार्यन्वयन भइसकेको | |
| १० | नगरपालिका मातहतका सरकारी कार्यालयहरु, शैक्षिक संस्थाहरु तथा सार्वजनिक स्थानहरुमा सि.सि. टिभी क्यामेरा जडान गर्ने | कार्यन्वयनको चरणमा रहेको | |
| ११ | राइज एण्ड शाइन नेपाललाई यस नगरपालिकाको वडा नं.३ हिलेडाँडामा कृषि परियोजना सञ्चालनका जिल्ला प्रशासन कार्यालयलाई राय पठाउने | कार्यन्वयन भइसकेको | |
| १२ | स्वास्थ्य शाखामा कार्यरत सि.अ.न.मि. इश्वरी सापकोटा गौतमको असाधारण विदा स्विकृति गर्ने | कार्यन्वयन भइसकेको | |
| १३ | नगरकोट क्षेत्र (वडा नं. १ को माथिल्लो भाग, वडा नं. २ को माथिल्लो भाग र वडा नं. ३ को ठुलीचौरसम्म) मा सार्वजनिक जग्गा सिमाकंन तथा रेखाकंनको लागि नगर प्रमुखको संयोजकत्वमा समिति गठन गर्ने | कार्यन्वयन भइसकेको | |

| | | | |
|---|---|---|---|
| १४ | नगरप्रमुखको नेतृत्वमा अनुगमन समिति र उप-प्रमुखको नेतृत्वको बजार अनुगमन समितिले उद्योग अनुगमन गर्ने | कार्यन्वयन भइसकेको | |
| १५.१ | आगामी वर्षको लागि देहाय बमोजिमका संघीय समपूरक तथा विशेष योजनाहरुको लागि स्रोत सुनिश्चित गरी योजना पेश गर्ने | कार्यन्वयन भइसकेको | |
| १५.२ | प्रदेश समपूरक तथा विशेष योजनाहरुको लागि स्रोत सुनिश्चित गरी योजना पेश गर्ने | कार्यन्वयन भइसकेको | |
| १६ | मापदण्डभन्दा बढी ओभरलोड सामग्री बोक्ने र सडकमा पानी चुहाउने मालबाहक गाडी र ओभरलोड सामग्री हाल्ने उद्योगवालाहरुलाई जरिवानाका लागि आर्थिक ऐनमा व्यवस्था गर्न नगर सभाको १८औं अधिवेशनम पेश गर्ने तथा आयुर्वेद सेवा सम्बन्धि शुल्कको लागि आर्थिक ऐनमा व्यवस्था गर्न राजश्व परामर्श नगर सभाको १८औं अधिवेशनम पेश गर्ने | कार्यन्वयन भइसकेको | |
| १७ | अन्तरपालिका शिक्षक सरुवाका लागि शिक्षकहरुको निवेदन नगर प्रमुख समक्ष पेश भए अनुसार शिक्षक/शिक्षिकाहरुलाई नियमावली बमोजिम आवश्यक प्रक्रिया पुरा गरी सहमती दिने/सरुवा गर्ने | कार्यन्वयन भइसकेको | |
| १८.१ | वडा नं.३ को स्वास्थ्य चौकी भवन निर्माणका लागि जग्गा प्रासिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्राललाई अनुरोध गर्ने | कार्यन्वयन भइसकेको | |
| १८.२ | वडा नं.१० को शहरी स्वास्थ्य चौकी निर्माणको लागि जग्गा नामसारी गर्दा लाग्ने कर छुटको लागि जिल्ला मालपोत कार्यालय, धुलिखेललाई अनुरोध गर्ने | | |
| १९ | महाकाली मा.वि. चैनपुर र डेडीथुम्का मा.वि. महादेवस्थानमा अस्थायी/करारमा का.स. व्यवस्थापन | कार्यन्वयन भइसकेको | |
| २० | मण्डनदेउपुर ऐतिहासिक पुस्तक नगरपालिकाको तर्फबाट २००० प्रति छपाई गर्ने | कार्यन्वयनको चरणमा रहेको | |
| २१ | फेदी कोट्याङ तिमल्सिनागाउँ सडक ढलान कार्य भई रहेको र उक्त सडक खण्डमा १०० मि. सडक ढलान अपुरो रहने हुँदा उक्त खण्ड पुरा गर्नको VO गरी बजेट व्यवस्थापन सहित कार्य सम्पन्न गर्न पूर्वाधार विकास कार्यालय, काभ्रेलाई अनुरोध गर्ने | कार्यन्वयनको चरणमा रहेको | |
| २२ | नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ को नगर सभाको १७औं अधिवेशनबाट स्वीकृत स्थायी तथा अस्थायी दरबन्दी मध्ये देहायको पदहरु रित रहेकोले उक्त पदहरुममा पदपुर्तिको लागि विज्ञापन गर्न सहमती दिने | कार्यन्वयन हुँन बाँकी | |

| | | | |
|---|---|---|---|
| २३ | नगरपालिकाको आगामी १० वर्षको शैक्षिक लक्ष्य उद्येश प्राप्तिका लागि नगर शिक्षा योजना निर्माण गर्ने | कार्यन्वयनको चरणमा रहेको | |
| २४ | नगरपालिकाभित्र रहेका सामुदायिक विद्यालयका प्रधानाध्यापकको म्याद चैत्र मसान्तसम्म थप गर्ने | कार्यन्वयन भइसकेको | |
| २५ | होटेल वन्डरल्याण्ड भवन इजाजत पत्रको सम्बन्धमा DPC Level सम्मको अनुमती इजाजतको म्याद सकिएको हुँदा नियमानुसार म्याद थप गरी बाँकी निर्माण प्रक्रिया अगाडी बढाउन अनुमती दिने | कार्यन्वयनको चरणमा रहेको | |
| २६ | मण्डनदेउपुर नगरपालिकाको लागि शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड, २०७४ संशोधनका नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने | कार्यन्वयन भइसकेको | |
| २७ | विगत वर्षदेखि काम गर्दै आउनु भएका र उमेर हदका कारण चालु आ.व. २०८२/०८३ मा विदाई हुनु भएका सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रतिव्यक्ति रु.३००००/- सेवा सुविधा थप गर्न नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने | कार्यन्वयन भइसकेको | |
| २८ | संविधान सभा सदस्य स्व. मा. विदुर सापकोटाको स्मृतिमा मण्डनदेउपुर आधारभुत अस्पताल प्राङ्गणमा निजको शालिक स्थापना गर्ने बढिमा १० लाखसम्मको प्राविधिक लागत अनुमान बमोजिम आवश्यक बजेट व्यवसथापन गरी शालिक स्थापना गर्ने र कुन्ता समाजसेवा- नौविसे- पौवाटार सडकलाई विदुर सापकोटा स्मृति मार्ग नामाकरण गर्ने | कार्यन्वयनको चरणमा रहेको | |
| २९.१ | वर्षाको कारण नगरकोट नयागाउ कुन्तावेशी सडकको महाकाली मा.वि. चैनपुर अगाडी पहिरो गई भत्केको हुँदा पहिरो नियनन्त्रणको लागि प्राविधिक लागत अनुमान बमोजिम सडक बोर्डसँग बजेट मागका लागि अनुरोध गर्ने | कार्यन्वयन भइसकेको | |
| २९.२ | श्रम स्वीकृती लिई वैदेशिक रोजगारमा गइ तोकिएको अवधिभित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई छात्रवृत्तिका लागि वैदेशिक रोजगार वोर्डमा सिफारिस गर्ने | कार्यन्वयन भइसकेको | |
| २९.३ | वडा नं. ४ को चैनपुर डेरी सामुदायिक भवन निर्माण तथा वडा नं. ४ को सर्वझाङ सामुदायिक भवन निर्माणको लागि आवश्यक सहजिकरण गर्न सम्बन्धित वडालाई नै सामाजिक विकास मन्त्रालय, परियोजना कार्यन्वयन इकाईलाई पत्राचार गर्ने गरी जिम्मेवारी दिने | कार्यन्वयन भइसकेको | |
| २९.४ | बागमती प्रदेश सरकारबाट शसर्त अनुदान कार्यक्रम अन्तर्गत नगरकोट स्वास्थ्य पर्यटन स्वास्थ्य चौकी प्रवर्दन योजना संशोधनका लागि | कार्यन्वयन भइसकेको | |

| | | | |
|---|---|---|---|
| | बागमती प्रदेश सरकारमा अनुरोध गर्ने | | |
| २९.५ | वडा नं. ६ को वडा कार्यालय भवनमा तल्ला थप गर्न उक्त योजनालाई बहुवर्षिय योजना बनाई नपुग बजेट आगामी वर्षको बजेटमा वडा र नगरपालिकाको ५०/५० प्रतिशत लागत साझेदारी रहने गरी सुनिश्चित गर्ने गरी खरिद प्रक्रिया अगाडी बढाउन अनुमती दिने | कार्यन्वयन भइसकेको | |
| २९.६ | वडा नं.३ स्वास्थ्य चौकी भवन निर्माण योजनालाई बहुवर्षिय योजना बनाई नपुग बजेट जि.स.स. तथा नगरपालिकाको साझेदारीमा आगामी वर्षको बजेटमा सुनिश्चित गर्ने गरी खरिद प्रक्रिया अगाडी बढाउन अनुमती दिने | कार्यन्वयन भइसकेको | |
| २९.७ | नगरपालिका र वडाको ५०/५० प्रतिशत लागत साझेदारीमा वडा नं. १२ को वडा कार्यालय भवन निर्माण योजनालाई बहुवर्षिय योजना बनाई नपुग बजेट आगामी वर्षको बजेटमा सुनिश्चित गर्ने गरी खरिद प्रक्रिया अगाडी बढाउन अनुमती दिने | कार्यन्वयन भइसकेको | |
| २९.८ | वर्षातको कारण विभिन्न ठाँउमा क्षति भएको महादेवस्थान चण्डेनी कोलाचौर सडक मर्मतका लागि प्राविधिक लागत अनुमान बमोजिम बजेट माग गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशमा सिफारिस गर्ने | कार्यन्वयन भइसकेको | |
| २९.९ | प्राविधिक शाखामा कार्यरत सब-इन्जिनियर केशव बहादुर ऐडीको बुबा धन सिंह ऐडीको आर्थिक सहयोग उपलब्ध गराउने गर्ने | कार्यन्वयन भइसकेको | |
| २९.१० | वर्षाको कारण नगरकोट नयागाउ कुन्तावेशी सडकको महाकाली मा.वि. चैनपुर अगाडी पहिरो गई भत्केको हुँदा पहिरो नियनन्त्रणको लागि प्राविधिक लागत अनुमान बमोजिम बजेट माग गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशमा सिफारिस गर्ने | कार्यन्वयन भइसकेको | |
| २९.११ | स्वास्थ्य शाखामा कार्यरत प.हे.न. धनुसरा बस्नेतको बेतलवी अध्ययन विदा स्वीकृत गर्ने | कार्यन्वयन भइसकेको | |
| २९.१२ | नगरकोट कुन्ताबेशी सडकको बयरबोट खण्डको साविक नयाँगाउँ गाविस वडा नं.७ जग्गा सम्बन्धि जिल्ला प्रशासन कार्यालयको पत्र र वडा कार्यलायको सिफारिस, नगरपालिकाको प्राविधिक र नापी शाखाले पेश गरेको प्रतिवेदन अनुसार आवश्यक काम कारबाही गर्न जिल्ला प्रशसासन कार्यालयलाई नियमानुसार पत्र पठाउने | कार्यन्वयन भइसकेको | |

निर्णय नं.५

पशु सेवा शाखाको देहायका सशर्त अनुदान कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम गर्ने गरी स्वीकृती दिने निर्णय गरियो ।

क. बंगुरपालन प्रबर्धन कार्यक्रम, मण्डनदेउपुर-८ दर्ता भएका पशुपन्छी फर्म र दर्ता नभएका साना किसानहरुको समेत सहभागिता हुने गरी कार्यक्रम सञ्चालन गर्ने।

ख. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान- कार्यविधिमा दुग्ध उत्पादक सहकारी संस्थाहरु मात्र समावेश गर्ने भएतापनि सबै किसानहरुलाई प्रोत्साहन कार्यक्रममा समावेश गर्न प्राइषेट डेरीहरुलाई पनि कार्यक्रममा समावेश गर्ने।

ग. मासुको लागि पाडा प्रबर्धन कार्यक्रम-नगरपालिका भरिका आर्थिक रुपले विपन्न भएका एकल महिलाहरुलाई समावेश गर्ने।

निर्णय नं.६

नगरपालिकामा रहेको बा.१ झ.९७१६ नम्बरको पुरानो एम्बुलेन्स र भारतीय दुतावासबाट अनुदानमा प्राप्त एम्बुलेन्स र बा.१ ग.३३६७ नम्बरको ट्रिपर मर्मत गर्ने निर्णय गरियो ।

निर्णय नं.७

देहायका योजनाहरुमा म्याद २०८२ फाल्गुन मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

क. नगरकोट पर्यटन विकास पर्यावरण कार्यक्रम, मण्डनदेउपुर-२

ख. वडा नं.७ का विभिन्न योजनाहरु, मण्डनदेउपुर-७

निर्णय नं.८

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र अनुमतिका लागि आवश्यक कागजात तथा प्रक्रिया पुरा गरी पेश भएका तपसिलका कम्पनीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ अनुसार इजाजतपत्र अनुमति दिने निर्णय गरियो ।

क. एच.के.ए. निर्माण तथा सप्लायर्स प्रा.लि., म.दे.न.पा. ३

ख. बिशाल निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. म.दे.न.पा. ७

निर्णय नं.९

Four Better Model Village कार्यक्रम सञ्चालनका लागि वडा नं.३ को गुरुङगाउँमा Four Better Model Village कार्यक्रम निर्देशिकाले तोकिएको क्षेत्रहरुमा रही कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

कृषि विकास शाखा अन्तर्गतको ५०% अनुदानका वडा समितिबाट सिफारिस भै आएका देहायका कार्यक्रमहरु संचालनको लागि दर्ता नभएका साना किसानहरुलाई पनि समावेश गर्ने गरी सूचना प्रकासन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

हालसम्म कार्य सम्पन्न भएका देहाय बमोजिमका योजना तथा कार्यक्रमको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | भैपरी आउने विविध योजना वडा नं १२ र ५ का सडकमा ग्राभेल | ८०००००० | २३४७५७ | २.९३ |
| २ | वडा नं. १ को वडास्तरीय सडक मर्मत तथा सरसफाई | ५००००० | ५००००० | १००.०० |
| ३ | वडा नं. १ को वडास्तरीय सडक मर्मत तथा सरसफाई | ५००००० | ४६७९९५ | ९३.६० |
| ४ | वडा नं. ४ को वडास्तरीय सडक मर्मत तथा सरसफाई | ३००००० | ३००००० | १००.०० |
| ५ | वडा नं. ४ को वडास्तरीय सडक मर्मत तथा सरसफाई | ३००००० | २७९८३३ | ९३.२८ |
| ६ | वडा नं. ६ को वडास्तरीय सडक मर्मत तथा सरसफाई | ३००००० | २८००६४ | ९३.३५ |
| ७ | वडा नं. ६ को वडास्तरीय सडक मर्मत तथा सरसफाई | ३००००० | ३००००० | १००.०० |
| ८ | वडा कार्यालय भवन निर्माण वडा नं १२ | १५००००० | १३९४१४९ | ९२.९४ |
| ९ | इन्भर्टर – १ वटा प्रिन्टर – १ वटा खरिद | १००००० | १००००० | १००.०० |
| १० | पालिका अन्तरगत निर्माणाधिन ५।१०।१५ शैय्या आधारभूत अस्पतालको मोबिलाईजेसन तथा श्रृजित दायित्व भुक्तानी | ९५६००००० | ९००२१०९ | ९.४२ |
| ११ | फेदी-तिमल्सिनागाउँ-डाँडागाउँ-जुडीगाउँ-छिनेको पहिरो सडक | ९१००००० | १९४४००० | २१.३६ |

निर्णय नं.३

विभिन्न निकायहरुबाट प्राप्त भएका परिपत्रहरु बारे छलफर गरी सो अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

नगरपालिकामा कार्यरत सुरक्षा गार्डको म्याद थपका लागि मिति २०८३ असार मसान्त सम्म नविकरण गर्ने निर्णय गरियो ।

क. व्यवसायिक कृषि तथा पशुपन्छि फार्म सुदृढिकरण सहयोग, वडा नं. ७

ख. कृषि यान्त्रिकरण प्रबर्धन कार्यक्रम, मण्डनदेउपुर १०

निर्णय नं.११

११.१) वडा नं.१० को जेष्ठ नागरिक दिवा सेवा समिति भवनको सपोर्ट वाल तथा सिढी निर्माणका लागि रु.१५००००/- (अक्षेरेपी एक लाख पचास रुपैया मात्र) बजेट स्वीकृत कार्यक्रमको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

११.२) वडा नं.६ को विभिन्न स्थानहरुमा रहेको सडक बत्ति सञ्चालन वापतको विद्युत महसुल बक्यौता रकम भुक्तानी गर्न वडा नं.६ को भ्रमण खर्च शिर्षकको रकम रकमान्तर गरी भुक्तानी गर्ने र बाँकी बक्यौता नगरपालिकाले विद्युत महसुल शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।साथै यस पश्चात उक्त सडक बत्ती सञ्चालनको लागि नगरपालिकाबाट आर्थिक व्यवस्था गरिने छैन र सोही क्षेत्रका उपभोक्ताहरुले व्यहोर्नु पर्नेछ।

११.३) वडा नं.९ को वडा कार्यालय नँया भवनमा सार्दा भएको खर्च रकम वडा नं.९ को कार्यालय सञ्चालन खर्चबाट ५० हजार र बाँकी नगरपालिकाबाट बिल भर्पाई बमोजिम भुक्तानि गर्ने निर्णय गरियो।

११.४) नगरपालिका र वडा कार्यालयहरुमा बागमती प्रदेश सरकारको सरकारी कार्यालयहरुमा मातृभाषालाई कामकाजको भाषाको रुपमा मान्यता दिने निर्णयानुसार नेपाल भाषा तथा तामाङ भाषामा कार्यालय बोर्ड राख्ने निर्णय गरियो ।

निर्णय नं.१२

विगतका वर्षहरुमा अनुदान दिई सञ्चालन भएका योजनाहरुको अनुगमन गर्नुपर्ने भएकोले सम्बन्धित वडामा रहेका अनुदानका योजनाहरुको सूचि माग गर्न सबै वडालाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

राष्ट्रिय रोजगार कार्यक्रमसँग साझेदारिमा पर्यटन विकास तथा श्रम/रोजगार सृजनाका लागि वडा स्तरीय सिढी निर्माण योजना वडा नं.३ ठुलिचौर भ्यू-टावर जाने बाटोमा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४

१४.१) वडा नं.४ बुद्व पार्कमा शौचालय तथा खानेपानी व्यवस्थापनका लागि प्राविधिक लागत अनुमान बमोजिमको बजेट स्वीकृत कार्यक्रमको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.२) ५०/५० प्रतिशत लागत साझेदारीमा वडा नं.२ ब्रम्हायणी देवी मन्दिर निर्माण गर्न रु.१५०००००/- (अक्षेरेपी एक लाख पचास हजार रुपैया मात्र) बजेट स्वीकृत कार्यक्रमको क्र.सं. १८७ लागत साझेदारीमा धार्मिक साँस्कृतिक सम्पदा तथा मर्मत सम्भार शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.३) वडा नं.१ गैह्रिगाउ धनपति महाकाल मन्दिर निर्माण गर्न रु.३०००००/- (अक्षेरेपी तीन लाख रुपैया मात्र) बजेट स्वीकृत कार्यक्रमको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.४) ) ५०/५० प्रतिशत लागत साझेदारीमा वडा नं.२ शिलादेवी मन्दिर निर्माण गर्न रु.१५०००००/- (अक्षेरेपी एक लाख पचास हजार रुपैया मात्र) बजेट स्वीकृत कार्यक्रमको क्र.सं. १८७ लागत साझेदारीमा धार्मिक साँस्कृतिक सम्पदा तथा मर्मत सम्भार शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.५) जोगिटार मन्दिर पहिरो नियन्त्रणका लागि प्राविधिक लागत अनुमान तयार गरी बागमती प्रदेश सरकारलाई बजेट मागका लागि सिफारिस गर्ने निर्णय गरियो ।साथै अस्थाई संरक्षणका लागि नगरपालिकाले व्यवस्था गर्ने ।

१४.७) ५०/५० प्रतिशत लागत साझेदारीमा वडा नं.६ ढाडसेरा सिँचाई कुलो निर्माण गर्न रु.२०००००/- (अक्षेरेपी दुई लाख रुपैया मात्र) बजेट स्वीकृत कार्यक्रमको क्र.सं. ८३ विभिन्न योजना तथा कार्यक्रमका लागि साझेदारी शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.८) वडा नं.९ देवी पञ्चकन्या मन्दिरमा शौचालय निर्माणका लागि प्राविधिक लागत अनुमान बमोजिमको बजेट स्वीकृत कार्यक्रमको क्र.सं. ८१ भैपरी आउने विविध योजना शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.९) वडा नं.७ कार्यालय परिसरमा पार्क निर्माणको लागि डि.पि.आर. गर्न रु.१५००००/- (अक्षेरेपी एक लाख पचास हजार रुपैया मात्र) बजेट स्वीकृत कार्यक्रमको ख.सं.नं. ३११३५ सेवा र परामर्श (पुँजिगत) शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.१०) वडा नं.२ को कार्यालय फागुन २१ गतेको चुनावलाई मध्येनजर गर्दै तत्काल मर्मत सम्भार गर्न प्राविधिक लागत अनुमान बमोजिमको बजेट स्वीकृत कार्यक्रमको वडा कार्यालय मर्मत सम्भार शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.११) भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा क्षति भएको हिगुवापाटी प्रहरी चौकीका लागि भाडाकुडा उपलब्ध गराएको बिल भर्पाई अनुसार रु. ३६५२०/- भुक्तानी गर्ने निर्णय गरियो ।

१४.१२) ६०/४० प्रतिशत लागत साझेदारीमा वडा नं.९ रियता भगवति गृहणी महिला सामुदायिक भवन निर्माण गर्न नगरपालिकाको तर्फबाट रु.६००००००/- बजेट स्वीकृत कार्यक्रमको क्र.सं. ८३ विभिन्न योजना तथा कार्यक्रमका लागि साझेदारी शिर्षकबाट र रु.४०००००/- उपभोक्ताबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

१४.१३) ५०/५० प्रतिशत लागत साझेदारीमा वडा नं.२ बालुवापाटी गणेश मन्दिर निर्माण गर्न रु.१५००००/- (अक्षेरेपी एक लाख पचास हजार रुपैया मात्र) बजेट स्वीकृत कार्यक्रमको क्र.सं. १८७ लागत साझेदारीमा धार्मिक साँस्कृतिक सम्पदा तथा मर्मत सम्भार शिर्षकबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१५ विविध

१५.१) इटाभट्टा उद्योगहरुको अनुगमन गरी कर तिर्न बाँकी भएमा कर असुल लागि ताकेता गर्ने निर्णय गरियो ।

१५.२) वडा नं.८ निवासी कान्छी राईको श्रीमान पूर्ण बहादुर राईको मृत्यु भएको र निजको छोराहरु प्रेम राई र राजकुमासर राई दुवै जना मानसिक अवस्था असन्तुलन भई उपचाररत रहेकोमा निजको परिवारको आर्थिक अवस्था कमजोर भएकोले रु.२५०००/- आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१५.३) मण्डनदेउपुर आधारभूत अस्पतालले २०७९ देखि सेवा सुरु गरेकोमा अस्पताल सञ्चालनका लागि आवश्यक औजार उपकरण तथा औषधि अभाव भएकोले आधारभूत अस्पताल सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।